# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मुड्केचुला गाउँपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मुड्केचुला गाउँपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मुड्केचुला गाउँपालिका

डोल्पा

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १०६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
मुड्केचुला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले मुड्केचुला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड ३१ लाख ५६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २५ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६५ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.२८ लाख ७ हजार र पेश्की रू.१२ लाख ९८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.११ करोड ४१ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ७४ लाख ६७ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक **बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,

लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

मुड्केचुला गाउँपालिका, डोल्पा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६१ | ६८ | ३३१५६ | ० | ० | ० | ६१ | ६८ | ३३१५६ | २५२० | २८०७ | २६५३१ | ० | ० | २९३३८ | १२९८ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | **नभएको** | | |
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुड्केचुला गाउँपालिका डोल्पा | १३००४० | ० | १५८८० | ११४१६० | १५१ | ३३१५६ | १४७४६७ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मुड्केचुला गाउँपालिका, डोल्पा , मुड्केचुला गाउँपालिका , डोल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | तिर्थराज महतारा | २०७८-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु बहादुर शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३३,१५६,४८४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,५६,६७,२०० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२,१३,४६,६२२ | **चालु खर्च** | २२,६४,०७,२१५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२८,५५,०७२ | **पूँजीगत खर्च** | १३,२१,६९,०४५ |
| **राजश्व बाँडफाँट** | ३,५६,८४,९८९.५६ | **वित्तीय/अन्य व्यवस्था** | ४,२२,६४,१०५.०७ |
| **आन्तरिक आय** | ५२,७१,२५० | | |
| **अन्य आय** | ४,४०,६९,४२२ | | |
| **कुल आय** | ३३,९२,२७,३५५.५६ | **कुल खर्च** | ४०,०८,४०,३६५.०७ |
| **बाँकी मौज्दात** | | २,४०,५४,१९०.४९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत 9 वडा, 42 सभा सदस्य, 250.08 वर्ग किलोमिटर क्षेत्रफल तथा 5,165 जना जनसंख्या रहेको छ। | |
| २ | | | **स्थानीय संचित कोष :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 8५६६७२००.00 | १ | चालु खर्च | 226407215.00 | 226407215.00 |
| | क) धरौटि मौज्दात | 1905531 | | २ | पूँजीगत खर्च | 132169045.00 | 132169045.00 |
| | ख) बैंक | 82861669 | | ३ | विषयगत निकायबाट | 40940693.00 | 40940693.00 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>प्राप्त</td><td></td><td></td></tr>
<tr><td></td><td>ग) कल्याण कोष मौज्दात</td><td>१०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>राजस्व ( आन्तरिक आय)</td><td></td><td>42348441.56</td><td></td><td>क) मख्यमन्त्रि रोगजार</td><td>18690330.00</td><td></td></tr>
<tr><td></td><td>क) आन्तरिक राजस्व</td><td>5271250.00</td><td></td><td></td><td>ख) सामाजिक सुरक्षा</td><td>20386364.00</td><td></td></tr>
<tr><td></td><td>ख) राजस्व बाँडफाँड</td><td>35684989.56</td><td></td><td></td><td>ग) पर्यटन बोर्ड नेपाल जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना</td><td>९00000.00</td><td></td></tr>
<tr><td></td><td>ग) अन्य आय</td><td>1392202.00</td><td></td><td></td><td>घ) गरिव सगँ बिशेश्वर कार्यक्रम</td><td>464000.00</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>वित्तिय हस्तान्तरण संघ</td><td></td><td>221346622.00</td><td></td><td>ङ) सामाजिक बिकास मन्त्रालय</td><td>499999.00</td><td></td></tr>
<tr><td></td><td>क) वित्तिय समानीकरण अनुदान</td><td>६85०००००.००</td><td></td><td></td><td>शेयर लगानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ख) सशर्त अनुदान</td><td>143681762.0</td><td></td><td></td><td>अन्य लगानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ग) समपूरक अनुदान</td><td>2355757.00</td><td></td><td>4</td><td>धरौटी फिर्ता</td><td>1305436.00</td><td>1305436.00</td></tr>
<tr><td></td><td>घ) विशेष अनुदान</td><td>6809103.00</td><td></td><td>5</td><td>अन्य भुक्तानि</td><td>17976.23</td><td>17976.०७</td></tr>
<tr><td>४</td><td>प्रदेश सरकारबाट प्राप्त अनुदान</td><td></td><td>32855072.00</td><td>6</td><td>कोष फिर्ता</td><td></td><td></td></tr>
<tr><td></td><td>क) वित्तिय समानीकरण अनुदान</td><td>6271000.00</td><td></td><td>7</td><td>मौज्दात</td><td></td><td></td></tr>
<tr><td></td><td>ख) सशर्त</td><td>22237102.00</td><td></td><td></td><td>क) बैंक</td><td>19243979.99</td><td>19243979.99</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | मौज्दात | | |
| | ग) समपुरक अनुदान | 2467150.00 | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | 1879820.00 | | 8 | शसर्त अनुदान फिर्ता | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | 9 | गत बर्षको बढी अल्या | | |
| ६ | विषयगत निकायबाट प्राप्त | | 40940693.00 | १0 | जनश्रमदान मौज्दात | | |
| | क) मख्यमन्त्रि रोगजार | 18690330.00 | | १1 | धरौट मौज्दात | 2561655.00 | 2561655.00 |
| | ख) सामाजिक सुरक्षा | 20386364.00 | | १2 | विविध कोष खाताको मौज्दात | 1900000.00 | 1900000.00 |
| | ग) पर्यटन | ९00000.00 | | १3 | विविधखर्च | 319898.5 | 319898.50 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बोर्ड नेपाल जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना | | | | खाता मौज्दात | | |
| | घ) गरिव सगँ बिशेश्वर कार्यक्रम | 464000.00 | | 14 | प्रकोप खाताको मौज्दात | 28657.00 | 28657.00 |
| | ङ) सामाजिक बिकास मन्त्रालय | 499999.00 | | | | | |
| ७ | अन्य | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>धरौटी आय</td><td>1736527.00</td><td>1736527.00</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४२४८९४५५५।५६</td><td></td><td>जम्मा</td><td></td><td>४२४८९४५५५.५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको –<br><br>– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४५०९११२९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ८५६६७२०० जिम्मेवारी सारेको देखियो ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ४०५७६०७१ बढी जिम्मेवारी सरेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको –<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको छ । पालिकाले मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाब मिलान गनुपर्दछ ।
<table>
<tr><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार २०७९</td><td>बैंक स्टेटमेण्ट अनुसार</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th></th><th>असार मसान्तको बाँकी</th><th>२०७९ असार मसान्तको बाँकी</th></tr>
<tr><td>सञ्चित कोष</td><td>19243979.99</td><td>19243979.99</td></tr>
<tr><td>चालु खाता</td><td>0</td><td>0</td></tr>
<tr><td>पूँजीगत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td>विबिध खर्च खाता</td><td>303049.50</td><td>319898.50</td></tr>
<tr><td>धरौटी खाता</td><td>2336622</td><td>2561655</td></tr>
<tr><td>कल्याण कोष खाता</td><td>1900000</td><td>1900000</td></tr>
<tr><td>प्रकोप व्य कोष खाता</td><td>28657</td><td>28657</td></tr>
</table>
नोटः श्रेस्ता र बैक अनुसार फरक रकम रु 225033।०० मा गत आ.व.मा बिविध खर्च खातामा जम्मा हुने रकम धरौटीमा जम्मा भएको र विविध खर्च खातामा 16849 फरक पर्नाको कारण सामाजिक सुरक्षाको रकम आम्दानी बाध्न छुटेको हो ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली:<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **सूचना प्रविधी पद्दतिः**<br><br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा निम्नानुसार देखिएकोः<br><br>:- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br><br>:- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br><br>:- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br><br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ८ | | | **मर्मत अभिलेख खाता :**<br><br>सवारी साधन मर्मत गरेपछि फेरिएका सामान सहितको कूल खर्च देखिने गरी तोकिएको म ले प फाराम अनुसारको गत विगतदेखिको मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक गरी आन्तरिक नियन्त्रण चुस्त दुरुस्त हुनु पर्ने देखियो । | |
| ९ | | | **धरौटी र कोष:**<br><br>कार्यालयले रिटेन्सन धरौटी वापतको रकम फिर्ता गर्दा सम्बन्धित पार्टीबाट भुक्तानी भएका वर्षको करचुक्ता प्रमाण र मूल्य अभिबृध्दि कर समायोजन पत्र पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ५।२०७८।५।३१ मा मालिका निर्माण सेवालाई धरौटी रकम रु ४१७०० फिर्ता गर्दा करचुक्ता प्रमाण र मूल्य अभिबृध्दि कर समायोजन पत्र पेश नगरी धरौटी फिर्ता गरेकोले उक्त कागजपत्र प्रमाण पेश गर्नुपर्ने रु | ४१,७०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ९.१ | मालिका निर्माण सेवा | ४१,७०० |

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सविता कुमारी रोकायले मिति २०७८।३।१० गते रु.४१ करोड ५० लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१५मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>चालु खर्चतर्फ</td><td></td><td>७१२०६९२८</td><td>४६९०४९७५</td><td>१०८२९५३१२</td><td>६८२८७९२८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>पूँजिगतखर्च तर्फ</td><td></td><td>16098243</td><td>34324363</td><td>81746439</td><td>69845918</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५८५७६२६०</td><td>87305171</td><td>81229338</td><td>190041751</td><td>138133846</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>24.35</td><td>22.65</td><td>53.00</td><td>72.68</td></tr>
</table>
उपरोक्त खर्च मध्ये आषाढ महिनाको खर्च रु.१३८१३३८४६रहेको छ ।<br>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु ३५८५७६ निकासा भएकोमा प्रथम चौमासिकमा रु. 87305.171अर्थात 24.35प्रतिशत, दोश्रो चौमासिकमा रु. 81229.338 अर्थात 22.65प्रतिशत र तेश्रो चौमासिकमा रु 190041.751अर्थात. 53.00प्रतिशत खर्च गरेको देखिएको छ यसरी नै आषाढ महिनामा मात्र रु138133.846अर्थात. 72.68.प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार स्वीकृत कार्यक्रम बमोजिम त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयनः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख</td><td>रु १ लाख</td><td>रु २ लाखदेखि ५</td><td>रु ५लाख देखि १०</td><td>रु १० लाखभन्दा</td><td>जम्मा</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्म</td><td>देखि २ लाखसम्म</td><td>लाखसम्मका</td><td>लाखसम्मका</td><td>बढीको</td><td></td></tr>
<tr><td>१५</td><td>२५</td><td>२३</td><td>६</td><td>८</td><td>७९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि ५० लाख सम्मका जम्मा ७९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म नि प्रमुख प्रशाकीय अधिकृत सहित १० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
कर्मचारी करार –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ६ पदमा ५७ जना कर्मचारीहरु करारमा राखि रु. १५३२३२३० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ६०७६७२० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ । | |
| १७ | | | **कल्याण कोष**<br><br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकामा यस्तो प्रकारको कुनै कोष खडा भएको पाइएन । | |
| १८ | | | **कर्मचारी प्रोत्साहन भत्ता -**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले कर्मचारी प्रोत्साहन भत्ता र सञ्चार सुविधा (पदाधिकारी र कर्मचारी) वापत यस वर्ष रु ३ लाख खर्च लेखेको पाईयो । यसरी कानूनमा भएको व्यवस्था विपरीत भत्ता खर्च लेख्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानून र सञ्चालन स्थिति** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ६ वटा नियमावली, १९ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। | |
| २० | | | **न्यायीक समिति** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ र यो बर्ष थप भएको ८ गरी कुल १३ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **खाना तथा विविध खर्च:**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १८००००० खर्च गरेको छ । | |
| २२ | | | **आर्थिक सहायता** –<br><br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष २० जनालाई रु. २०००००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **अनुदान फिर्ता:**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको छ । | |
| २४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:** | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 151870000 | 133681762 | 7108238 | |
| | विषेश | 12600000 | 6809103 | | |
| | समपुरक | 6200000 | 2355757 | | |
| प्रदेश सरकार | शसर्त | 25895000 | 24116922 | 0 | |
| | विषेश | 0 | 0 | | |
| | समपुरक | 11000000 | 2467150 | 107785 | |
| | अन्य | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति :<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>९</td><td>९</td><td>०</td><td>९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>निवेदन दर्ता</td><td>सिफारिस भएको संख्या</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>0</td><td>0</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>150</td><td>150</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>60</td><td>60</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>35</td><td>35</td></tr>
<tr><td>विवाह दर्ता</td><td>55</td><td>55</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>0</td><td>0</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>5</td><td>5</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>0</td><td>0</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>0</td><td>0</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>0</td><td>0</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>0</td><td>0</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
आन्तरिक लेखापरीक्षण शाखा :
प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा :
नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष रु.२३७५२५०।००सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ९ जना</th><th>कार्यपालिका सदस्य ५ जना</th><th>सभाका सदस्य ३१ जना</th><th>जम्मा ४७ जना</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 7500 | 7500 | 67500 | 37500 | 93000 | 213000 |
| २ | यातायात खर्च | 6000 | 48000 | 162000 | 90000 | | 306000 |
| ३ | टेलिफोन,मोबाइल | 36000 | 24000 | 108000 | 60000 | 372000 | 600000 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 36000 | 24000 | 108000 | 30000 | 372000 | 570000 |
| ५ | समन्वय तथा सहजीकरण | | | | | | |
| ६ | अतिथि सत्कार | 60000 | 36000 | 216000 | 60000 | 372000 | 740000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 48000 | 36000 | 216000 | 60000 | 372000 | 732000 |
| ८ | चाडपर्व खर्च | | | | | | |
| | जम्मा | 193500 | 175500 | 87750 | 337500 | 1581000 | 2375250 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **डोजर मर्मत तथा आम्दानी :** <br><br> पालिकामा रहेको डोजरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. २२ लाख खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले रु २४ लाख मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको खासै प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जरुरी छ । | |
| ३० | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७७५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु. ५२७१२५० आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३१ | | | **राजश्व दाखिला :**<br><br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत 9 वटा वडा र पालिकाबाट प्राप्त गरेको रु. ५२७१२५० राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **राजश्व अभिलेख :**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्‌यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३३ | | | **कर तथा शुल्क असुली -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>आय शीर्षक \| अनुमान \| असुली \| असुली प्रतिशत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>७०००००</td><td>१५००००</td><td>२१.४२</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>७५०००</td><td>६५२८०</td><td>८७.०४</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td>५००</td><td>२०७९-३-२५</td><td>शेयर लगानी :<br><br>जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडको संस्थापक शेयरधनिको रुपमा प्रति शेयर रु. १०० दरले रु.२००,०००.०० को संस्थापक शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रादायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम पालिकाले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएको छैन । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td>४८१</td><td>२०७९-३-२२</td><td>तेल उत्पादनः<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तेल उत्पादन कार्यक्रम संचालन वापत श्रवण कुमार बुढालाई तेल उत्पादन खरिद तथा</td><td>१,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्याकेजिङ्ग कार्यका लागि रु.१००००००।०० भुक्तानी दिएकोमा संलग्न फाटवारीमा पालिका अन्तर्गतका विभिन्न वडाका २३ जना कृषकबाट करिब २४ क्विन्टल तोरी खरिद गरि रकम बुझाएको भरपाई पेश गरेको छ । कार्यक्रम संचालकले उक्त तोरीबाट करिब ५०० लिटर तेल निकाली स्टोर गरि राखेको मौखिक जानकारी प्राप्त भएको छ । लेखापरिक्षणको अवधि सम्म पनि उक्त तेल पालिकामा जिन्सी आम्दानी दाखिला तथा विक्रि वितरण गरेको प्रमाण पेश नभएकाले भएको खर्चको एकिन गर्ने आधार रहेन। तसर्थ पालिकाले उक्त तेल विक्रि गरी प्राप्त राजश्व आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | |
| ३६ | | | **अनुत्पादक खर्च** – <br><br> गाउँ पालिकाले वडा स्तरीय आयोजना छनौट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा छनौट गरी कार्यान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.३१७४५०४।०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नेतर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ । | |

| गो.भौ.नं र मिति | भुक्तानी पाउने फर्म वा व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| ३८४।०७९।१।२४ | रमेश सार्की | बाजा खरिद तथा ढुवानी | ५००००० |
| ३७७।०७९।१।९ | झाक्रेपानी तिर्थस्थल निमार्ण उपभोक्ता समिति | झाक्रेपानी तिर्थस्थल निमार्ण | ४७२३१५ |
| ३८४।०७८।१२।१५ | थार्पा मष्ठा मन्दिर निमार्ण उपभोक्ता समिति | थार्पा मष्ठा मन्दिर निमार्ण | १३९९२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २८२।०७८।९।२६ | धर्मे शाहीले वितरण भरपाई पेश | शहिद परिवारलाई प्रोत्साहन कार्यक्रम वापत २० जनालाई जनही १२००० नगद वितरण | ३००००० |
| ४६५।०७९।३।१९ | राजु शाहीले वितरण भरपाई पेश | जेष्ठ नागरिक सम्मान कार्यक्रम २० जनालाई जनही १५००० नगद वितरण | ३००००० |
| ४७९।०७९।३।२२ | शम्भु मरिक यादवले प्रिज्म डिजिटल रेकर्ड्रिङ स्टुडियोको विल पेश | सास्कृतिक कलाकार प्रोत्साहन गिती संग्रह एल्वम निर्माण तथा प्रसारण | ३००००० |
| ४२९।०७९।३।१३ | रासनी मन्दिर निर्माण उपभोक्ता समिती | रासनी मन्दिर निर्माण | ३३०२७१ |
| ४२५।०७९।३।९ | शिव मन्दिर निर्माण उपभोक्ता समिति | शिव मन्दिर निर्माण | २८२०४१ |
| ४०३।०७९।२।१२ | अमर दमाई | जनकलाकार लाई पोषाक खरिद | १७५००० |
| ४००।०७९।२।११ | मष्ठा थान निर्माण उपभोक्ता समिति | मष्ठा थान निर्माण | ३७४९५७ |
| **जम्मा** | | | **३१७४५०४** |

यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**भुक्तानीमा कर –**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. ४०११ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

<table>
<tr><th>भौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>७२।२०७९।३।२५</td><td>अग्रिम कर कट्टी नगरेको</td><td>१३०६००</td><td>१.५%</td><td>१९५9</td></tr>
<tr><td>80।२०७९।३।२५</td><td>अग्रिम कर कट्टी नगरेको</td><td>९९०००</td><td>१.५%</td><td>१४८५</td></tr>
<tr><td>८१।२०७९।३।२५</td><td>अग्रिम कर कट्टी नगरेको</td><td>३७८००</td><td>१.५%</td><td>५६७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४०११</td></tr>
</table>

</td><td>४,०११</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**खर्च बिश्लेषणः**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५२७१२५०, राजस्व बाँडफाँड र अनुदानबाट रु २८९८८६६८३.६ गरी रु २९५१५७९३४ आम्दानी भएकोमा चालु तर्फ रु 226407215र पूँजिगत तर्फ रु 132169045 समेत रु 40940693 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.८७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु २३७५२५० खर्च भएको छ जुन आन्तरिक आयको ४५.०६ प्रतिशत रु हेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.१ प्रतिशत चालु र ४५.६ प्रतिशतमात्र

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>17625</td><td>17228</td><td>४.८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>80650</td><td>63432</td><td>१७.6९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>176149</td><td>158940</td><td>४४.३2</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>71868</td><td>61014</td><td>१७.0१</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>64044</td><td>57959</td><td>१६.१६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१०३३६</td><td>३५८५७३</td><td>१००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.32 प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.८ प्रतिशत रहेको छ । | |
| ४० | | | **लक्ष्य प्रगति :**<br><br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ४१ | | | **सफ्टवेयर खरिद -**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले ग्रप एस एम एस सफ्टवेयर खरिद गरी रु. ८०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ४२ | | | **रितपूर्बकको कर बिजक तथा प्रतिलिपि बिलः**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ७१।२०७८।१२।१७ बाट रित पूर्कको कर वीजक बेगर (फोटोकपी विल) ठकुरी काष्ठ फर्निचर उद्योग (३०१३५८६११) बाट मु.अ.कर रु १३८४५ समेत रु. १२०३४५ को सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १३,८४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>४२.१</td><td></td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सवारीसाधन खरिद –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ११०९२३० बजेटबाट खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०|१|१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ ।पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु १९५२८९९ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा नराखि खर्च गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख राखेर मात्र रकम खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८ वटा सामुदायिक विद्यालयहरुमा ७६ जना शिक्षकको दरबन्दी भएकोमा ७६ जना नै पदपूर्ति रहेको छ भने पदपूर्ति मध्ये ४२ जना करार बाट पदपूर्ति गरेको पाइयो। उक्त विद्यालयहरुमा विद्यार्थीको संख्या २५३२ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । | |
| ४६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** –<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४३८८००० रकम भुक्तानी गरेको छ । | |
| ४७ | | | **शिर्षक फरक पारी खर्चः**<br><br>कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर गाउँपालिकाले रकमान्तर नगरी सशर्तका कार्यक्रमहरु शिर्षक फरक पारी खर्च लेखेको छ ।कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यक्रम बाट रु १२४२५५ कार्यालयको चालु खर्च लेखेको छ भने रु १५२०८३१ स्वास्थ्य तर्फका कर्मचारीको तलब भत्तामा खर्च गरी कूल रु १६४५०८६ खर्च लेखेको छ ।यसरी` शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु | १,६४५,०८६ |
| ४८ | | | **नमुना विद्यालय निकासा :**<br><br>कार्यक्रम कर्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम स्वीकृत गुरु योजना बमोजिम प्रथम किस्ताको विल भर्पाइ प्राविधिक मूल्यांकन प्राप्त भएपछि दोस्रो किस्ता रकम निकासा गर्ने र अन्तिममा कार्यसम्पन्न भएपछी अन्तिम किस्ता रकम निकाशा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले अन्नपूर्ण मा वि लाई रकम निकाशा गर्दा सशर्त चालुको १०८।२०७९।३।९ बाट रु ४६ लाख, सशर्त पूँजिगतको | १४,६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१२।२०७८।९।२३ बाट रु २५ लाख र ५९।२०७९।३।२४ बाट रु ७ लाख निकाशा र रु ६८ लाख पेश्की गरी रु १ करोड ४६ लाख उपलब्ध गराएको हुँदा स्वीकृत गुरु, योजना लागत अनुमान, ठेक्का सम्झौता, तुलनात्कम तालिका, प्राविधिक मूल्यांकन, खर्चका विल भर्पाइ, कर दाखिलाको प्रमाण, विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस, निर्मित संरचनाको फोटो सहितका प्रमाण सिलसिलेवारयुक्त तरिकाले पंजिका सहितका प्रमाण पेश हुनु पर्ने रु</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना नभएकोः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निः शुल्क पाठ्यपुस्तक अनुदान रकम पालिकाले विद्यालयलाइ उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले उक्त रकम अनुदानको रुपमा उपलब्ध नगराई निम्न गो भौ र मितिमा विभिन्न विक्रेताबाट खरिद गरेको पुस्तक वितरण गरेको छ ।यसरी कार्यक्रम कार्यान्वयन पुस्तिका भएको व्यवस्था विपरित गरेको कार्य नियमसम्मत नदेखिएको रु<br><br>
<table>
<tr><td>सि न</td><td>गो भौ र मिति</td><td>विक्रेताको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>१५१।२०७९।३।२१</td><td>नारायण स्टेशनरी एण्ड सप्लायर्स</td><td>३३५८३६</td></tr>
<tr><td>२</td><td>११९।२०७९।३।१३</td><td>लक्ष्मी किराना तथा स्टेशनरी स्टोर</td><td>३०५०७९</td></tr>
<tr><td>३</td><td>१८३।२०७९।३।२४</td><td>कान्जीरोवा किराना तथा स्टेशनरी</td><td>५२०५२८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११६१४४३</td></tr>
</table></td><td>१,१६१,४४३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसारपालिकाभित्रका विद्यालयबाट छनोट गरी विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत विद्यालयले कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><br>
<table>
<tr><td>सि न</td><td>गो भौ र मिति</td><td>विद्यालयको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>३५।२०७९।३।३</td><td>कैलाश आधारभूत विद्यालय</td><td>ICT</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>३६।२०७९।३।४</td><td>चन्द्रनाथ आधारभूत विद्यालय</td><td>ICT</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>४५।२०७९।३।९</td><td>अन्नपूर्ण माध्यमिक विद्यालय</td><td>ICT</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>१९५००००</td></tr>
</table>
</td><td>१,९५०,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सम्परीक्षणबाट कायम वेरुजुः<br><br>पालिकाले विभिन्न आर्थिक वर्षहरुको सम्परीक्षण गर्दा निम्न अनुसारको वेरुजु कायम भएको छ ।पालिकाले उक्त वेरुजु फस्यौट गर्ने रु</td><td>१०६,९७९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>आ व</td><td>दफा</td><td>व्यहोरा</td><td>वेरुजु रकम</td></tr><tr><td>२०७५।७६</td><td>३६</td><td>दफा ३६ को वेरुजु फस्यौंट गर्दा उक्त रकम पालिकाको खातामा दाखिला गरेकोले उक्त रकम सघीय वेरुजु खातामा दाखिला गर्नुपर्ने रु</td><td>३२५५०</td></tr><tr><td>२०७६।७७</td><td>२५</td><td>तिर्थराज महताराको सरुवा भ्रमण वापतको भ्रमण विल पेश गर्दा रु ८००० वढी पेश भएकोले उक्त रकम दाखिला गर्नुपर्ने रु</td><td>८०००</td></tr><tr><td>२०७६।७७</td><td>६२</td><td>सुकविर रोकायाको वेरुजु फस्यौंट गर्दा अग्रिम कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नपर्ने रु</td><td>२५९८८</td></tr><tr><td>२०७६।७७</td><td>६२</td><td>योगेन्द्र शाहीको वेरुजु फस्यौंट गर्दा अग्रिम कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नपर्ने रु</td><td>७९२०</td></tr><tr><td>२०७७।७८</td><td>३७.१</td><td>तेल खरिदको विजक पेश गर्दा अग्रिम कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नपर्ने रु</td><td>२८०२१</td></tr><tr><td>२०७७।७८</td><td>३७.१</td><td>दिल प्रसाद रोकायाको वेरुजु फस्यौंट गर्दा रु १५०० र अकित जनरल स्टोरको वेरुजु फस्यौंट गर्दा रु ३००० अग्रिम कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नपर्ने रु</td><td>४५००</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७७।७८</td><td>३७.२</td><td>कालिका मा वि को वेरुजु फस्यौंट गर्दा रु ३७१७७ अग्रिम कर र रु १००० सामाजिक सुरक्षा कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नपर्ने रु</td><td>३८१७७</td></tr>
<tr><td>२०७७।७८</td><td>३७.१</td><td>ईल आइसोलेशन वापतको वेरुजु फस्यौंट गर्दा रु ६१५१ अग्रिम कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नपर्ने रु</td><td>६१५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
करार कर्मचारीलाई भत्ताः<br><br>
सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि तलव भत्ता भुक्तानी भएको देखिन्छ । करारका कर्मचारीलाई स्थानिय भत्ता र मंहगी भत्ता दिने सम्बन्धमा परिपत्रमा उल्लेख नभएकोले उक्त भत्ता भुक्तानी दिन मिल्ने देखिदैन । तसर्थ नियम विपरित भत्ता भुक्तानी दिएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि न</th><th>नाम पद</th><th>भत्ता शिर्षक</th><th>रकम (मासिक)</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>संजय कुमार साह</td><td>स्थानिय भत्ता र महगी भत्ता</td><td>१६७५०</td><td>२०१०००</td></tr>
<tr><td>२</td><td>देवराज रावत</td><td>स्थानिय भत्ता र महगी भत्ता</td><td>१६७५०</td><td>२०१०००</td></tr>
<tr><td>३</td><td>धिरेन्द्र के सी</td><td>स्थानिय भत्ता र महगी भत्ता</td><td>११६५०</td><td>१३९८००</td></tr>
</table>
</td><td>५४१,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>५४१८००</td></tr></table></td><td></td></tr>
<tr><td>५३</td><td>४०९</td><td>२०७९-३-७</td><td>आइफोन खरिदः<br><br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।पालिकाले निशान कम्प्यूटर टेर्डस नेपालगंज बाँकेबाट रु २०८०००।००मा Apple Iphone 13 pro maxखरिद गरेको छ । यसरी सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त नहुने गरी र मितव्ययीता कायम नगरी व्याक्तिगत प्रयोजनका आधारमा उक्त आइफोन खरिद गर्ने सम्बन्धितलाई जिम्मेवार वनाईनुपर्ने रु.</td><td>२०८,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>जिन्सी दाखिला प्रमाणः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्म तथा सप्लार्यसबाट खरिद भएको सामानहरुको जिन्सी दाखिला गरेको नपाइएकोले सोको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>विक्रेता तथा सप्लार्यस</th><th>सामानको विवरण</th><th>रकम</th></tr>
<tr><td>३०८।०७८।११।९</td><td>सन्ध्या मेडिसिन सप्लार्यस जानकी ३ बाके</td><td>३९ आईटम औषधि खरिद</td><td>४९९१९६</td></tr>
<tr><td>३०७।०७८।११।८</td><td>गुडलाईफ सर्जिकल सप्लार्यस प्रा लि</td><td>३ आईटम कोरोना सम्बन्धि सामाग्री</td><td>४०३९७५</td></tr>
</table></td><td>२,७१८,४२२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०६।०७८।११।८</td><td>एच एम स्टोर</td><td>४ आईटम कोरोना सम्बन्धि सामाग्री</td><td>४५१२३१</td></tr>
<tr><td>३०५।०७८।११।८</td><td>निशान कम्प्यूटर ट्रेर्डस नेपालगंज बाके</td><td>१० आईटम मेशिनरी औजार कम्प्यूटर</td><td>४५१९७०</td></tr>
<tr><td>३०४।०७८।११।८</td><td>निशान कम्प्यूटर ट्रेर्डस नेपालगंज बाके</td><td>१४ आईटम कार्यालय सामाग्री खरिद</td><td>४२१५१७</td></tr>
<tr><td>२९९।०७८।११।६</td><td>नविन बुक्स स्टेशनरी एण्ड जनरल अर्डर सप्लार्यस</td><td>सामाग्री खरिद</td><td>४९०५३३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७१८४२२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>
भुक्तानीमा कर<br><br>
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.३५८१।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>५०४।०७९।३।२५</td><td>दिपक कुमार वोहोरालाई अन्य कार्यालय सञ्चालान खर्च भुक्तानी</td><td>२३८७३०</td><td>१.५%</td><td>३५८१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३८७३०</td><td>१.५%</td><td>३५८१</td></tr>
</table>
</td><td>३,५८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बढी भुक्तानीः** | ४८,७९० |

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । जसअनुसार गाउँपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १४०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका तालिम सञ्चानल वापत पेश्की फस्र्याैट तथा भुक्तानीमा निम्न प्रशिक्षकहरुलाइ निर्देशिका विपरीत करकट्टी गरी रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| गो भौ नं मिति | कार्यक्रम | प्रशिक्षक को नाम | सेशन | भुक्तानी दिएको दर | भुक्तानी दिएको रु | बढि दर तथा सेशन रु | बढी भूक्तानी रकम रु | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|---|---|---|---|
| ५०१। ०७९।३।२५ | धर्मराज शाहीलाई कार्यक्रम संचालन | मन बहादुर शाही लगायत २ जना | ७ दिनको | १०००० | ७०००० | ४४०० (एक दिनमा ४ शेसन प्रति शेसन १४०० को दर हुनुपर्ने) | २६१८० (कर बाहेक) | २०७९ अषाढ ६ देखि १२ सम्म |
| १३६। ०७८।९।८ | सविना वोहोराको वाल विवाह तथा बाल श्रम न्यूनिकरण अभियान सम्बन्धी तालिम संचालन | सविना वोहोरा लगायत अन्य | १४ सेशन | १५०० | २१००० | ६ सेशन | ७६५० (कर बाहेक) | ०७८ पुस ४ र ५ गते |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०९।<br>०७८।८।२८</td><td>सविना वोहोराको महिला सशक्तीकरण सम्बन्धी तालिम संचालन</td><td>सविना वोहोरा लगायत ४ जना</td><td>१७ सेशन</td><td>१५०० र १२००</td><td>२२८००</td><td>८ शेसन</td><td>९८६० (कर बाहेक)</td><td>०७८ मंसिर २३ र २४ गते</td></tr>
<tr><td>१०३।<br>०७८।८।२७</td><td>विद्यालय सुधार योजना निमार्ण कार्यशाला गोष्ठी</td><td>गोपाल बुढा लगायत अन्य</td><td>१२ सेशन</td><td>१५००</td><td>१८०००</td><td>४ सेशन</td><td>५१०० (कर बाहेक)</td><td>०७८ मंसिर १३ र १४ गते</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>४८७९०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>तलबि प्रतिवेदनः<br><br>निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.१८२५००११।०० तलब खर्च लेखेको पाईयो । पालिकामा कार्यरत संघीय निजामति तर्फका तथा पालिकाको स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता खर्च लेखेकोले तबव तथा ग्रेडमा बढी खर्च हुने देखिन्छ । तसर्थ तबवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्न तर्फ ध्यान दिनु पर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>५८</td><td>३७६</td><td>२०७९-१-९</td><td>दोहोरो भुक्तानीः<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले रमेश सार्कीलाई वडा नं १ देखि ९ सम्म माटो शिविर कार्यक्रम मिति २०७८ मंसिर ५ देखि १४ सम्म सञ्चालनका लागि रु.२५००००।०० भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा मंसिर ६ गते देखि १३ गते सम्म कार्यक्रम</td><td>२००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चालन गरी कृषकहरुको उपस्थिती तथा कृषकलाई भत्ता वितरण भरपाई खाजा खर्चको विल तथा भरपाई पेश भएको छ भने गोश्वरा भौचर ३७२ मिति २०७८।१२।१८ मा फलफुल काँटछाँट अभियान तालिम सञ्चालन वापत निज रमेश सार्कीलाई नै रु.२०००००।०० भुक्तानी दिएको छ । यसमा संलग्न फाँटवारीमा पनि माथिकै मिति र स्थानमा पहिलाकै कृषकहरुको नामनामेसी फोटोकपी गरि विल भरपाई बनाई पेश गरेकोले दोहोरो भुक्तानी दिएको देखिएकोले दोहोरो नभएको भन्ने प्रमाण पेश गर्ने अन्यथा दोहोरो देखिएको रकम असुल गरी आन्तरिक कोषमा दाखिला गर्नु पर्ने रु. | |
| ५९ | २९८ | २०७८-१०-१५ | **विल भरपाई**<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले १ नं वडा कार्यालय कालिकालाई अन्य कार्यालय संचालन खर्च वापत रु.२०००००।०० भुक्तानी निकासा गरेको मा लेखापरिक्षणको अवधि सम्म कुनै पनि विल भरपाई संलग्न फाटवारी पेश भएको नदेखिएकोले खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नु पर्ने रु. | २००,००० |
| ६० | | | **विउ विरुवा खरिदः**<br><br>पालिकाले मूल विउ तथा विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ ।पालिकाले श्रवण कुमार बुढालाई फलफुल विरुवा वितरण कार्यक्रम (हिउदे) सञ्चालनार्थ रु.६०००००।०० भुक्तानी दिएकोमा सिद्धवावा फलफुल नर्सरी वीउ विजन उत्पादन विक्री वितरण मुड्केचुला गापा ७ सर्मी डोल्पाबाट **Grafting** स्याउका ४५०० वटा विरुवा रु.५५.५६ दरमा रु.२५००२०।०० मा खरिद गरि ३१ वटा कृषकलाई दामाशाही रुपमा ५० देखि ६०० सम्म वितरणगरेको भरपाई फाटवारी पेश भएको देखियो । यसरी कृषकहरुको लागि खरिद गरिएको विउ विरुवाको परिक्षण नभएकोले सो विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था छैन ।साथै उक्त विरुवा कृषकहरुले रोप्ने कार्य सम्पन्न गरेको प्रमाण पेश नभएको तथा सोको अनुगमन भएको देखिएन । यसरी वितरण गरिएका विरुवा किसानहरुले रोपेको र सोको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अवस्था बारे एकिन गर्न कार्यालयले अनुगमन गरी भएको खर्चलाई व्यवस्थित गर्न तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत<br><br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.३४ लाख २० हजार खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाको शुन्य आम्दानी रहेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । प्रयोग नभएको मेशिनरीको लागि पालिकाले मर्मत तथा ईन्धन वापत यसरी खर्च गर्न उपयुक्त नदेखिएकोले यस्तो खर्चमा रोक लगाउनु पर्ने देखिन्छ ।<br><br><table><tr><th>सि न</th><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत तथा ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr><tr><td>१</td><td>डोजर</td><td>१</td><td>३४१९७३८।००</td><td>०।००</td></tr><tr><td></td><td>जम्मा</td><td>१</td><td>३४१९७३८।००</td><td>०।००</td></tr></table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>विल भरपाईः<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।त्यस्तै नियम ३९(१०) मा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने भन्ने छ । पालिकाले देहाय अनुसारको भुक्तानी गरेको संलग्न फाटवारीमा सक्कल विल भरपाई पेश वेगर भुक्तानी दिएकाले नियमको पालना गरेको पाईएन । तसर्थ सक्कल प्रमाण पेश वेगर भुक्तानी गरेको उक्त रकम अनियमित भएको रु.</td><td>१,०९१,६०९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ५०९।०७९।३।२५ | सवारी साधन मर्मत वापत शम्भु मरिक यादवलाई भुक्तानीमा साईवावा अटो वोर्कसर्प ललितपुरको फोटोकपी विल पेश | ४४२९६ |
| ५०७।०७९।३।२५ | रामचन्द्र न्यौपानेलाई पत्रपत्रिका छपाई तथा सुचना खर्च वापत भुक्तानीको विल फोटोकपी विल पेश | ३८४०० |
| ४७२।०७९।३।२२ | अन्य कार्यालय संचालन खर्च वापत भुक्तानी विष्णु बहादुर शाही लाई भुक्तानीमा भुषाल ईन्टरपाईजेज नेपालगञ्ज बाकेको फोटोकपी विल पेश | ४९७२०० |
| ४६८।०७९।३।२१ | औषधि खरिद वापत शम्भु मरिक यादवलाई भुक्तानीमा सुमित मेडिको फर्मा नेपालगञ्ज बाकेको फोटोकपी विल पेश | ४३०३५३ |
